नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट) बाट

# विज्ञान प्रविधिका विभिन्न पुरस्कारका लागि आवेदन/मनोनयन आव्हान सम्बन्धी सूचना

(गोरखापत्र दैनिकमा प्रकाशित मितिः २०७७ भाद्र १ गते)

यस प्रज्ञा प्रतिष्ठानबाट २०७७ सालमा प्रदान गरिने निम्नानुसारका पुरस्कारहरुको लागि सम्बन्धित व्यक्ति वा संस्थाबाट आवेदन आव्हान गरिएको छ।

**१. प्रकृति संरक्षण पुरस्कार**
प्रत्येक दुई/दुई वर्षमा प्रदान गरिने २ लाख राशीको यो पुरस्कार प्रकृति संरक्षणको क्षेत्रमा उत्कृष्ट मौलिक योगदान पुऱ्याएका एक जना नेपाली वैज्ञानिक, प्राविधिज्ञ वा संस्थालाई प्रदान गरिनेछ।

**२. कुलपति राष्ट्रिय नव-प्रवर्तन पुरस्कार**
प्रत्येक वर्ष १ जनालाई प्रदान गरिने २ लाख राशीको यो पुरस्कार नव-प्रवर्तनको क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याएका नेपाली वैज्ञानिक, प्राविधिज्ञ वा संस्थालाई प्रदान गरिनेछ।

**३. विज्ञान पुरस्कार**
प्रत्येक वर्ष १ जनालाई प्रदान गरिने १ लाख राशीको यो पुरस्कार विज्ञानको क्षेत्रमा उत्कृष्ट मौलिक योगदान पुऱ्याएका व्यक्तिलाई निजको प्रकाशित कृति वा अनुसन्धान वा आविष्कार कार्यको मूल्याङ्कनको आधारमा दिइनेछ। उम्मेदवारको उमेर दरखास्त दिने अन्तिम मितिसम्म ४० वर्ष नाघेको हुनु पर्नेछ।

**४. प्रविधि पुरस्कार**
प्रत्येक वर्ष १ जनालाई प्रदान गरिने १ लाख राशीको यो पुरस्कार प्रविधिको क्षेत्रमा उल्लेखनीय कार्य गरेका प्रतिभाशाली व्यक्तिलाई प्रकाशित कृति वा अनुसन्धान वा आविष्कारको मूल्याङ्कनको आधारमा दिइनेछ। उम्मेदवारको उमेर दरखास्त दिने अन्तिम मितिसम्म ४० वर्ष नाघेको हुनु पर्नेछ।

**५. विज्ञान तथा प्रविधि युवा पुरस्कार**
प्रत्येक वर्ष ५ जनालाई प्रदान गरिने जनही ७५ हजार राशीको यो पुरस्कार विज्ञान तथा प्रविधिको क्षेत्रमा उल्लेखनीय कार्य गरी योगदान पुऱ्याएका ४० वर्ष उमेर ननाघेका प्रतिभाशाली नेपाली युवाहरुलाई प्रदान गरिनेछ।

**६. महिला विज्ञान तथा प्रविधि पुरस्कार**
प्रत्येक वर्ष १ जनालाई प्रदान गरिने ७५ हजार राशीको यो पुरस्कार विज्ञान तथा प्रविधिको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको नेपाली महिला वैज्ञानिक एवं प्राविधिज्ञलाई प्रदान गरिनेछ।

**७. प्रज्ञा-प्रतिष्ठान विज्ञान तथा प्रविधि प्रवर्द्धन पुरस्कार**
प्रत्येक वर्ष २ जना व्यक्ति वा संस्थालाई प्रदान गरिने जनही ५० हजार राशीको यो पुरस्कार विज्ञान तथा प्रविधिको प्रवर्द्धन र प्रयोगको लागि विभिन्न माध्यमद्वारा समाजमा चेतना जगाई देश विकासमा टेवा दिने वा कुनै समसामयिक समस्यालाई सफलतापूर्वक समाधान गर्ने कार्यमा उत्कृष्ट योगदान दिएकालाई प्रदान गरिनेछ।

**८. विज्ञान तथा प्रविधि पत्रकारिता पुरस्कार**

प्रत्येक वर्ष १ जनालाई प्रदान गरिने ५० हजार राशीको यो पुरस्कार विज्ञान तथा प्रविधिका उपलब्धि, उपयोगिता र सूचनाहरू सरलीकृतरुपमा गत एक वर्षमा छपाई तथा विद्युतीय माध्यममार्फत जनसाधारणसम्म पुग्ने गरी विज्ञान तथा प्रविधिको प्रवर्द्धनात्मक कार्यमा योगदान पुऱ्याएका सञ्चारकर्मीलाई प्रदान गरिनेछ।

**९. विज्ञान शिक्षक पुरस्कार**
प्रत्येक वर्ष १ जनालाई प्रदान गरिने ७५ हजार राशीको यो पुरस्कार विज्ञान प्रविधि विषयमा माध्यमिक तहसम्म अध्यापन गर्ने विज्ञान शिक्षकलाई नीजले विज्ञान शिक्षाको विकासमा पुऱ्याएको योगदानको आधारमा प्रदान गरिनेछ।

**१०. उत्कृष्ट विद्यार्थी पुरस्कार**

प्रत्येक वर्ष प्रदान गरिने २५ हजार राशीको यो पुरस्कार विज्ञान तथा प्रविधिको विधा अन्तर्गत माध्यमिक तहमा सर्वोत्कृष्ट अंक ल्याउन सफल एक छात्र र एक छात्रालाई प्रदान गरिनेछ ।

**११. दयानन्द बज्राचार्य अनुसन्धान पुरस्कार**

प्रत्येक वर्ष प्रदान गरिने जनही २५ हजार राशीको यो पुरस्कार वातावरण विज्ञान, वनस्पतिशास्त्र, सूक्ष्मजीव विज्ञान, प्राणीशास्त्र, जैविक विविधता र जैविक प्रविधि विषयमा स्नातकोत्तर तहमा उत्कृष्ट शोधकार्य प्राप्त गरेका एक छात्र र एक छात्रा गरी दुई जनालाई अनुसन्धानात्मक शोधपत्र (Thesis) र शोधसित सम्बन्धित प्रकाशित कृतिको मूल्याङ्कनको आधारमा प्रदान गरिनेछ ।

**१२. फणीन्द्रप्रसाद न्यौपाने अनुसन्धान पुरस्कार**

प्रत्येक वर्ष प्रदान गरिने ५० हजार राशीको यो पुरस्कार नेपाली विश्वविद्यालयबाट कृषि विज्ञान अन्तर्गत वनस्पति विज्ञानसित सम्बन्धित (Plant Science Related) विषयहरुका एक उत्कृष्ट शोधपत्र (Thesis) र शोधसित सम्बन्धित प्रकाशित कृतिको मूल्याङ्कनको आधारमा प्रदान गरिनेछ ।

## आवेदन फारमको साथ संलग्न हुनुपर्ने कागजातहरु

नागरिकता र शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि, प्रकाशित कृति वा आविष्कारहरुको विवरण, आफ्नो क्षेत्रमा पुऱ्याएको योगदान तथा मूल्याङ्कनमा सघाउ पुऱ्याउन सक्ने सम्बन्धित अन्य विवरणहरुको स्पष्ट उल्लेख भएको व्यक्तिगत विवरण र अनुसन्धान कृतिहरुको एक प्रति सिलबन्दी गरी पठाउनु पर्नेछ ।

निम्न उल्लेखित व्यक्तिहरु मध्ये कुनै एक व्यक्तिद्वारा प्रत्येक पुरस्कारको लागि बेग्ला बेग्लै मनोनयन वा समर्थन गर्न सकिनेछ ।

१) नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका प्राज्ञ एवं सहप्राज्ञहरु ।

२) नेपाल सरकारको विज्ञान तथा प्रविधि सम्बन्धी विभागहरुमा कार्यरत वा त्यसबाट निबृत्तिभरण पाइसकेका “प्रथम” श्रेणीका पदाधिकारी वा सो भन्दा माथिका वैज्ञानिक वा प्राविधिज्ञहरु ।

३) विश्वविद्यालयमा कार्यरत पदाधिकारी वा निवृत्तिभरण पाइसकेका विज्ञान तथा प्रविधि क्षेत्रका सम्बन्धित विषयहरुका प्राध्यापकहरु ।

४) नेपाल सरकारको पूर्ण वा आशिंक स्वामित्व भएको औद्योगिक निगम वा कारखानाहरु वा अन्य कुनै संस्थामा कार्यरत पदाधिकारी वा निवृत्तिभरण पाइसकेका “प्रथम” श्रेणी वा सो भन्दा माथिका वैज्ञानिक वा प्राविधिज्ञहरु ।

५) मनोनयनकर्ताले उम्मेदवारको नाम मनोनयन गरी पठाउँदा उम्मेदवारको अनुसन्धानात्मक कृतिहरु मध्ये सबभन्दा राम्रो ठानिएको तीन वटा कृतिहरु प्राथमिकता क्रम तोकी पठाउनु पर्नेछ । त्यस्तै उम्मेदवारको आविष्कार तथा योगदानको हकमा उत्कृष्ट आविष्कार वा मूल योगदान के हो मनोनयनकर्ताले आफैंले तोकी पठाउनु पर्नेछ ।

६) मनोनयन निम्ति सिफारिस गरी पठाउँदा कुनै एक व्यक्तिलाई एक पुरस्कारका लागि मात्र सिफारिस गर्नु पर्नेछ । मनोनयन गरी पठाउँदा उम्मेदवारको सम्पर्क ठेगाना स्पष्ट उल्लेख गरी पठाउनु पर्नेछ ।

**पुरस्कारको लागि आवेदन दिने अन्तिम मिति २०७७ भाद्र ३० गते (कार्यालय समय भित्र)**

रीतपूर्वक प्राप्त नभएका आवेदन एवं मनोनयन उपर कुनै कारवाही नगरिने व्यहोरा अनुरोध छ । आवेदन तथा मनोनयन फारम www.nast.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

थप जानकारीको लागि Email: info@nast.gov.np वा कार्यक्रम अधिकृतको फोन नं. ९८४१२५१५३४ मा सम्पर्क गर्न सकिनेछ ।